लोक सेवा आयोग

# सूचना-पत्र

# BULLETIN

साप्ताहिक
(बुधवार प्रकाशित हुने)

| | | |
|---|---|---|
| वर्ष ३४ | २०७३ असोज १९ गते | अंक १२ |
| YEAR 34 | October 5, 2016 | NO 12 |


**उमेद्वारहरुलाई विशेष जानकारी**

लोक सेवा आयोगका दरखास्त फाराम र पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाटडाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

## विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. | **अन्तर्वार्ता सम्बन्धी सूचना** | २ |
| | (क) आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह, रा.प.अनं. प्रथम श्रेणी (खुला र महिला) | |
| | (ख) इन्जि. सेवा, सिभिल समूह, जनरल उपसमूह, रा.प.अनं. प्रथम श्रेणी (खुला तथा समावेशी) | |
| २. | **विविध** | २-४ |
| | (क) विज्ञापन प्रकाशन हुने सम्बन्धी विशेष सूचना | |
| | (ख) सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना | |
| | (ग) REQUEST FOR EXPRESSIONS OF INTEREST | |

# अन्तर्वार्ता सम्बन्धी सूचना

लोक सेवा आयोगको तपसिलमा उल्लेखित विज्ञापन नम्बर, सेवा, समूह, उपसमूह, श्रेणी/तह र पदको लिखित परीक्षामा सम्मिलित भएका उमेदवारहरुमध्ये वर्णानुक्रमानुसार देहायका रोल नं. तथा नाम, थर भएका उमेदवारहरुलाई देहायका मिति, समय र स्थानमा हुने अन्तर्वार्ताको लागि छनौट गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

छनौट भएका उमेदवारहरुले पासपोर्ट साइजको फोटो २ प्रति स्थायी/अस्थायी प्रमाणपत्रको साथै प्रमाणपत्रका सक्कल सहित नक्कल १/१ प्रति दरखास्त फारामको प्रथम तथा तृतीय पाना भरी प्रवेशपत्र लिई तोकिएको अन्तर्वार्ताको दिन १ (एक) घण्टा अगावै उपस्थित हुनुपर्ने व्यहोरा पनि यसै सूचनाद्वारा अवगत गराइएको छ । तोकिएको अन्तर्वार्ताको दिन सार्वजनिक बिदा पर्न गएमा पनि अन्तर्वार्ता कार्यक्रम यथावत सञ्चालन हुनेछ ।

## मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, नयाँ बानेश्वर

### सूचना नं. २३६/०७३-७४

**सेवा, समूह :-** आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क **पद :-** सुपरीवेक्षक/तथ्याङ्क सहायक **श्रेणी :-** रा.प.अनं. प्रथम

**लिखित परीक्षा सञ्चालन मिति** :- २०७३/१/२२ गते **नतिजा प्रकाशन गर्ने कार्यालय :-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर ।

| विज्ञापन नं. (०७२/७३) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| ११४३५ | खुला | १ | १३७ | ३ |
| ११४३६ | महिला | १ | | ३ |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह | ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह |
|---|---|---|---|---|---|---|---|
| १ | १३००१२ | अस्मिता पवन | महिला | २ | १३००७७ | पुष्पराज शिवाकोटी | खुला |
| ३ | १३०१०९ | रमेश ढकाल | खुला | ४ | १३०१२८ | रुद्रबहादुर बोगटी | खुला |
| ५ | १३०१५३ | सजना कार्की | महिला | ६ | १३०१६५ | सुनिता पोखरेल | महिला |

**अन्तर्वार्ता हुने मिति र समय :** २०७३/७/२ गते दिनको २:०० बजे ।

**अन्तर्वार्ता हुने स्थान :** लोक सेवा आयोग, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, सूर्यविक्रम ज्ञवाली मार्ग, नयाँ बानेश्वर ।

### सूचना नं. २३७/०७३-७४

**सेवा, समूह, उपसमूह :-** इञ्जि., सिभिल, जनरल **पद :-** सब-इञ्जिनियर **श्रेणी :-** रा.प.अनं. प्रथम

**लिखित परीक्षा सञ्चालन मिति** :- २०७३/१/२३ गते **नतिजा प्रकाशन गर्ने कार्यालय :-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर ।

| विज्ञापन नं. (०७२/७३) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| ११४३७ | खुला | २ | २४१ | ७ |
| ११४३८ | महिला | १ | | ४ |
| ११४३९ | अपाङ्ग | १ | | ३ |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह | ब.क्र.नं. | रोल नं. | नाम, थर | छनौट भएको समूह |
|---|---|---|---|---|---|---|---|
| १ | १३०१५२ | प्रज्ञा श्रेष्ठ | महिला | २ | १३०१५५ | प्रतिभा झा | खुला, महिला |
| ३ | १३०१६५ | प्रेमचन्द पाण्डे | अपाङ्ग | ४ | १३०१७५ | बिमला वि.सी. | महिला |
| ५ | १३०१९३ | भोलाकुमार यादव | खुला | ६ | १३०२०९ | महेशबहादुर बोहरा | खुला |
| ७ | १३०२१३ | मुकेशकुमार यादव | खुला | ८ | १३०२३६ | राजकुमार राउत | खुला |
| ९ | १३०२४७ | रामएकबाल साह | अपाङ्ग | १० | १३०२५८ | रामचन्द्र मिश्र | खुला |
| ११ | १३०२७७ | लक्ष्मीदत्त जोशी | अपाङ्ग | १२ | १३०३२० | सन्तोष पन्त | खुला |
| १३ | १३०३३६ | सलुजा अधिकारी | महिला | | | | |

**अन्तर्वार्ता हुने मिति र समय :** २०७३/७/३ गते दिनको ११:०० बजे ।

**अन्तर्वार्ता हुने स्थान :** लोक सेवा आयोग, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, सूर्यविक्रम ज्ञवाली मार्ग, नयाँ बानेश्वर ।

## केन्द्रीय कार्यालय, अनामनगर

### सूचना तथा प्रकाशन शाखा

### विज्ञापन प्रकाशन हुने सम्बन्धी विशेष सूचना

### सूचना नं. : २३८/०७३-७४

राजपत्रांकित प्रथम र द्वितीय श्रेणी एवं स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरुको विज्ञापनको सूचना असोज महिनाको अन्तिम बुधबार प्रकाशन हुने गरी आयोगको वार्षिक कार्यतालिकामा उल्लेख गरिएको छ । विजयदशमीको कारणले यस आर्थिक वर्षमा प्रकाशन हुने उल्लेखित श्रेणी र तहका पदहरु २०७३/६/२६ गते बुधबार आयोगको वेबसाइट www.psc.gov.np मा मात्र प्रकाशन हुने र सो सूचना २०७३/६/२८ गते शुक्रबार राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन हुने तथा उमेदवारले दरखास्त दिने प्रयोजनका लागि अन्तिम मिति आयोगको वेबसाइटमा सूचना प्रकाशन भएकै दिन (२०७३/६/२६) देखि गणना हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# केन्द्रीय कार्यालय, अनामनगर

## प्रशासन शाखा

## सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**सूचना नं. २४०/०७३-७४**

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०७३/६/१९)**

यस आयोगको लागि आ.व. ०७३/७४ को लागि आवश्यक पर्ने ओ.एम.आर. (OMR Answer sheet) उत्तरपुस्तिका/पिउने पानी (Drinking water) बोलपत्र/सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त र इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र/सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ठेक्का नं १ को हकमा ३० औं दिन र ठेक्का नं २ को हकमा १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवं आ.व. ०७१/७२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी ठेक्का नं १ को हकमा रु १०००।- (फिर्ता नहुने गरी) र ठेक्का नं २ को हकमा ३००।- राजस्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस आयोगको भण्डार शाखा तथा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरबाट खरिद गर्न सकिने छ।

२. खरिद गरिएको बोलपत्र/दरभाउ पत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ठेक्का नं १ को हकमा ३१ औं दिन र ठेक्का नं २ को हकमा १६ औं दिनको १२:०० बजेभित्र यस आयोगको नाममा सम्बोधन गरी बोलपत्र फारम पेश गर्नेको नाम, ठेगाना, र फोन नं. उल्लेख गरी सही छाप गरी सिलबन्दी लाहाछाप लगाइ खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस आयोगको प्रशासन शाखामा तोकिएको समयभित्रै दर्ता गराइसक्नुपर्नेछ। सो सिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिनको २:०० बजे बोलपत्रदाता/दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिइ पठाएका प्रतिनिधीको रोहवरमा खोलिने छ। बोलपत्रदाता/दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायी सम्बन्धी कसुरमा कुनै सजांय नपाएको भनि लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फारामसाथ पेश गर्नुपर्नेछ।

४. सिलबन्दी बोलपत्र/दरभाउपत्र साथ जमानत वापत तपसिलमा उल्लेख गरेबमोजिमको जमानत रकम कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय, थापाथलीको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ठेक्का नं १ को हकमा १२० दिन र ठेक्का नं २ को हकमा ७५ दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ।

५. दररेट अक्षर र अंक दुबैमा लेख्नुपर्नेछ। अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. म्याद नाघि आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखि पेश गरेको सिलबन्दी बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

७. बोलपत्र/दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, ऐ. नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन नियमहरु बमोजिम हुनेछन्।

८. बोलपत्र/दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ।

९. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहनेछ। बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस आयोगको स्टोर शाखामा आइ बुझ्न सकिने छ।

१०. प्रत्येक ठेक्का नं.को फरक फरक टेण्डर डकुमेन्ट खरिद गरी पेश गर्नुपर्नेछ। यस सम्बन्धी सूचना आयोगको वेबसाइट www.psc.gov.np मा हेर्न सकिनेछ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दस्तुर | जमानत रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०७३/७४ | ओ.एम.आर. उत्तरपुस्तिका (OMR Answer sheet) खरिद | ३०००।- | १,२०,०००।- | |
| २ | २/०७३/७४ | पिउने पानी (Drinking water)खरिद | ३००।- | २०,०००।- | |

## परीक्षण प्रविधि तथा अनुसन्धान शाखा

## REQUEST FOR EXPRESSIONS OF INTEREST

**(First date of publication: 30th September, 2016 )**

Public Service Commission of Nepal (PSC-N), the constitutional body mandated to recommend candidates for appointment in public service positions including civil service, has realized that present practice of selection is based more on testing cognitive capacity of candidates and therefore, there is a need to extend its focus on testing job related competencies that includes behaviour, skills and attitudes required to perform the job as an incumbent of a position. It has been recognised and adopted that Assessment Centre Methodology (ACM) is a set of selection tools to test candidates for a job based on job-related competencies. PSC-N is making systematic efforts to adopt ACM as selection tools.

The consulting services ("the Services") include furnishing technical support in establishment of ACM in PSC-N as described in the Terms of Reference (TOR). Implementation period of the Consulting Service shall be up to 6 months.

PSC-N now invites eligible consulting firms ("Consultants") to indicate their interest in providing the Services. Interested Consultants should provide information demonstrating that they have the required qualifications and relevant experience to perform the Services.

### The short listing criteria include:

(i) General Work Experience
(ii) Specific work experience relevant to the assignment & experience
(iii) Financial capability, and
(iv) Organizational structure/ management and technical competence

The attention of interested Consultants is drawn to the relevant provisions of Public Procurement Act and Rules of Nepal on Selection and Employment of Consultants.

Consultants may associate with up to 3 firms in the form of a joint venture to enhance their qualifications.

A Consultant will be selected in accordance with the Quality and Cost Based Selection (QCBS) Method.

Further information can be obtained from the PSC-N office located at Anamnagar, Kathmandu during office hours (10:00 to 17:00 hours) Nepal Standard time. Interested firms may download the ToR and EOI submission form from the website: http/www.psc.gov.np.

Expressions of interest must be delivered in a properly sealed written form to the address mentioned by 12:00 Noon of the 16th day of the first publication of this notice and submitted documents will be opened on 1:00 PM the same day at PSC-N office.

In case the deadline falls on a government holiday it shall automatically be extended to next working day.

सर्वाधिकार आयोगमा सुरक्षित
प्रकाशन - ५०० प्रति

जि.का.काठमाडौं द.नं. २६/०४०-४१
म.क्षे.हु.वि.द.नं. ५६/०४९-५०

# धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ

## सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

*((प्रथम पटक प्रकाशित मिति : २०७३।६।१९)*

यस कार्यालय अन्तर्गत निम्न बमोजिमको निर्माण कार्य सिलबन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वक सिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. सिलबन्दी बोलपत्र खरिद सम्बन्धी कागजातहरु प्रोप्राइटर वा निजको प्रतिनिधिबाट तल उल्लेखित दस्तुर (पछि फिर्ता नहुने) नगदै बुझाई नवीकरण भएको खरिद ईजाजतपत्र, उद्योग दर्ता प्रमाणपत्र, आयकरको स्थायी लेखा नम्बर (मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र) र गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी रु. १०।- को टिकट टाँसी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्रहरुमा उल्लेख भएका सबै विवरणहरु प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहिछाप गरी, सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना (मोबाइल नं. समेत) र कामको नाम प्रष्टसँग लेखी खरिद कार्यमा अयोग्य नभएको भनी स्वयं घोषणा पत्र सहित ३१ औं दिनको १२:०० बजे भित्रमा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु वा प्रतिनिधिहरु तथा कार्यालय प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै अन्य कार्यालयमा दर्ता भएका बोलपत्रलाई मान्यता दिइने छैन ।

३. सिलबन्दी बोलपत्रसाथ धरौटी वापत तल उल्लेखित रकम नेपाल बैंक लिमिटेड, शाखा कार्यालय, बाग्लुङ स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, बाग्लुङको धरौटी खाता न. ०२२०२०००००००००३०००१९ र रकम जम्मा गर्न लगाउने लोक सेवा आयोग ध.अं.कार्यालयको कोड नं. ४९-२१०-०१ मा जम्मा गरेको बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बिडबण्ड (बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि कम्तिमा ९० दिन अवधि भएको) पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी बोलपत्र स्वीकृत भएपछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम बराबरको नगद भौचर वा सो बराबरको कार्य सम्पन्न गर्नुपर्ने अवधि बराबरको लागि मान्य हुने परफरमेन्स बण्ड पेश गर्नुपर्नेछ ।

५. सिलबन्दी बोलपत्र शर्त रहित, कार्यालयले उपलब्ध गराईएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाका शर्त विपरित भएको सिलबन्दी बोलपत्र माथि कारवाही हुने छैन ।

६. सिलबन्दी बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ ।

७ सिलबन्दी बोलपत्र भर्दा दररेटमा स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अक्षर र अंक फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. एउटा फर्मका नामबाट खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मका नाममा दाखिला गर्न पाइने छैन ।

९. सिलबन्दी बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा बिदा पछि कार्यालय खुलेको दिन हुनेछ ।

१०. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. बोलपत्रदाताले आफूले कबोल गर्ने अंक मूल्य अभिवृद्धि कर बाहेकको हुनुपर्नेछ ।

१२. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्रदाता स्वयंले नै बुझाउनु पर्नेछ ।

१३. बोलपत्र, स्पेशिफिकेशन,मूल्य अंकित परिमाणसूची र अन्य सम्बन्धित कागजातहरुमा कुनै त्रुटी वा फरक पर्न गएमा कार्यालयले जुनसुकै बखतमा सच्याउन सक्नेछ र सो को जानकारी कार्यालयको सूचना पाटीमा टांस गरिनेछ ।

१४ सिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । सम्पर्क फोन नं. :- ०६८-५२०१४७

१५. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित ऐन नियमानुसार हुनेछ ।

१६. कामको विवरण निम्न अनुसारको छ ।

| सि.नं. | सिलबन्दी बोलपत्र नं. | कामको विवरण | कुल ल.ई. रकम रु (कन्टिन्जेन्सी र VAT बाहेक) | धरौटी रकम | बोलपत्र फाराम खरिद दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | १/०७३/०७४ | लोक सेवा आयोग धवलागिरी अञ्चल कार्यालय, बाग्लुङको कार्यालय भवन निर्माण कार्य | ४२,३७,२८८।१५ | १,०६,००० | १,०००।- |

# विजयादशमी, शुभ–दीपावली तथा छठपर्व
# २०७३ को सुखद उपलक्ष्यमा
# सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको
# हार्दिक मंगलमय शुभकामना
# व्यक्त गर्दछौं ।
# लोक सेवा आयोग परिवार

मुद्रण तथा प्रकाशक: लोक सेवा आयोग, सूचना तथा प्रकाशन शाखा
टेलिफोन नं. ४७७१३५५
ई-मेल:: info@psc.gov.np Website: www.psc.gov.np
फ्याक्स नं. ९७७-०१-४७७१४९० पोष्ट बक्स नं.: ८९७९, काठमाडौं
मूल्य रु. २।- (दुई)
मिति २०७३/६/१९ गते बुधबार